# गुल्मीदरबार गाउँपालिका

## स्थानीय राजपत्र

खण्ड : २ संख्या :११ फाल्गुन ३०, २०७९

## भाग-३

## <u>सूचना</u>

गुल्मीदरबार गाउँपालिका गाउँ कार्यपालिकाको मिति २०७९-११-३० गते बसेको गाउँ कार्यपालिका बैठकबाट भएका निर्णयहरुको यो सूचना प्रकाशन गरिएको छ।

**मिति २०७९।११।३० गतेको ११ औं कार्यपालिका बैठकको प्रस्तावहरु**

१. यस भन्दा अगाडिका बैठकका निर्णयहरुको कार्यान्वयनको समिक्षा सम्बन्धमा
२. गाउँपालिकाको सेवा प्रवाहलाई प्रभावकारी रुपमा संचालन गर्ने
३. कर्मचारीहरुको कार्य सम्पादन मूल्याङ्कन सम्बन्धमा
४. अतिथि सत्कार तथा खाजाको रकम भुक्तानी सम्बन्धमा
५. विभिन्न कार्यक्रम तथा अनुगमन मूल्याङ्कन गरिएका विभिन्न योजनाहरुको रकम भुक्तानी सम्बन्धमा
६. विभिन्न विषयगत समितिका निर्णयहरु अनुमोदन सम्बन्धमा
७. गरिव परिवार परिचय पत्र वितरणको लागि वडास्तरमा नामावली प्रकाशन गर्ने सम्बन्धमा
८. गरिव परिवार परिचय पत्रको लागि गुनासो सुनुवाई अधिकारीको व्यवस्था सम्बन्धमा
९. भूमिहिन तथा अव्यवस्थित वसोबास गरेका नागरिकहरुको सूचि भूमि आयोगमा पठाउने सम्बन्धमा
१०. गत वर्षको विपद्मा परी पुर्ननिर्माण गरेका घरहरुको किस्ता रकम भुक्तानी गर्ने सम्बन्धमा
११. १२ औं गाउँसभा ,दोस्रो चौमासिक समिक्षा गोष्ठी र सार्वजनिक सुनुवाई कार्यक्रम संचालन सम्बन्धमा
१२. विद्यालय समायोजन, गाउँपालिकाको समग्र शैक्षिक नीति र गुणस्तर कायम गर्ने सम्बन्धमा अध्ययन गरी प्रतिवेदन पेश गर्न कार्यदल गठन सम्बन्धमा
१३. खेल शिक्षकलाई काजमा पठाउने सम्बन्धमा
१४. सुरक्षित आवास कार्यक्रम अन्तर्गत घर निर्माण सम्पन्न भएका नागरिकहरुलाई दोस्रो किस्ता रकम भुक्तानी गर्ने सम्बन्धमा
१५. अख्तियार दुरुपयोग अनुसन्धान आयोग, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय तथा विभिन्न निकायहरुका परिपत्र तथा निर्देशन सम्बन्धमा
१६. सामाग्री व्यवस्थापन सम्बन्धमा (प्रधानमन्त्री रोजगार कार्यक्रममा रोजगारीका लागि आवेदन तथा सामाजिक र आर्थिक उन्नतीमा सघाउन पुर्याउने योजना छनौट तथा कामदारहरुको लागि सुरक्षा सामग्रीहरु खरिद गर्ने ग्लोभ्स बेल्चा, गैटी, कोदालो, हसिया आदी)
१७. आर्थिक सहायता सम्बन्धमा
१८. गुल्मीदरबार गाउँपालिकाको जलस्रोत कार्यविधि २०७९ जारी सम्बन्धमा
१९. नरहरी कंडेल मा.वि. मा मतदानकेन्द्र थप गर्ने सम्बन्धमा
२०. डोर हाजिरीमा कार्यरत व्यक्तिहरुको ज्याला भुक्तानी सम्बन्धमा

## मिति २०७९।११।३० गतेको एघारौं कार्यपालिकाको बैठकको निर्णयहरु

| निर्णय नं. | निर्णयहरु |
|---|---|
| १. | यस भन्दा अगाडिका कार्यपालिका बैठकको निर्णयहरुको कार्यान्वयनको अवस्था बारे छलफल तथा समीक्षा गरियो निर्णयहरु कार्यान्वयनको अवस्था सन्तोषजनक रहेको पाइयो । |
| २. | गाउँपालिकाको सेवा प्रवाहलाई प्रभावकारी रुपमा संचालन गर्न देहाय बमोजिम गर्ने<br><br>क) कर्मचारीहरुले जनतालाई केन्द्रमा राखी कर्मचारीहरुले समन्वयात्मक रुपमा सेवा प्रवाह गर्ने<br>ख) कर्मचारीहरुको कार्य सम्पादन मूल्याङ्कन गरि प्रोत्साहन तथा दण्डको आवश्यक व्यवस्था प्रमुख प्रशासकीय अधिकृतले मिलाउने<br>ग) वडा सचिवहरुले गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृतले दिएको निर्देशन पालना गरि प्रभावकारी सेवा प्रवाहको व्यवस्था मिलाउने ।<br>घ) वडा कार्यालय तथा गाउँपालिकाको कार्यालयमा नागरिकले तिरेको कर कानूनले तोकेको समयमा दाखिला गर्ने<br>ङ) गाउँपालिकाको विभिन्न शाखा तथा वडा कार्यालयहरुले आफूले सम्पान गरेका कार्यहरुको तोकिएको ढाँचामा नियमित रुपमा प्रतिवेदन गाउँ कार्यपालिकाको कार्यालयमा पठाउने ।<br>च) कृतिम गर्भाधान गर्ने कर्मचारीलाई कार्यालयबाट उपलब्ध गराएको फाराम अनुसार प्रति कृतिम गर्भाधानको रु ५००।— प्रोत्साहन रकम उपलब्ध गराई कृषकहरुलाई निशुल्क कृतिम गर्भाधानको व्यवस्था मिलाउने ।<br>छ) नीति तथा कार्यक्रम बमोजिम प्रमुख प्रशासकीय अधिकृत र शाखा प्रमुखसँग कार्य सम्पादन सम्झौता बमोजिमको कार्य सम्पादनको प्रगती प्रतिवेदन शाखा प्रमुखहरुलाई पेश गर्न लगाई हाल सम्मको कार्ययोजना बमोजिमको कार्य प्रगती प्रतिवेदन माग गरी आगामी बैठकमा छलफल गर्ने । |
| ३. | गुल्मीदरबार गाउँपालिकाको कार्य सम्पादनमा आधारित प्रोत्साहन मापदण्ड, २०७७ बमोजिम कार्य सम्पादनको आधारमा कर्मचारीहरुलाई प्रोत्साहन रकम उपलब्ध गराई गाउँपालिकाको वृहत्तर हितको लागि कर्मचारीहरुलाई परिचालन गर्ने साथै कर्मचारीहरुलाई कार्यालयमा खाजा नास्ता उपलब्ध गराउने र सो वापत कर्मचारीहरुको उपस्थिति विवरण प्रशासन शाखाले अभिलेखीकरण गरी लेखा शाखाबाट विविध खर्च शिर्षकबाट खाजाको रकम भुक्तानी गर्ने । |
| ४. | गुल्मीदरबार गाउँपालिकामा जिल्लाबाट आउनु हुने सुरक्षा निकाय, जिल्ला समन्वय प्रमुख लगायतका पदाधिकारी, जिल्लास्थित पालिकाका पदाधिकारीहरु तथा जिल्ला बाहिरका पालिकाका पदाधिकारी, संघ तथा प्रदेशका माननीयज्यहरु लगायतबाट कार्यालय अनुगमन, भेटघाट, असल अभ्यास आदान प्रदान,कार्यपालिका बैठक, विभिन्न विषयगत समितिका बैठकहरु लगायतका कार्यहरुमा खाजा नास्ता वापत खर्च भएको रकम रु. ३ लाख ६५ हजार रुपैया भुक्तानी गर्ने । |

| निर्णय नं. | निर्णयहरु |
|---|---|
| ५. | गृह मन्त्रालयबाट यस कार्यालयमा हस्तान्तरण भई आएको टाटा सफारी जीप मर्मत गर्दा खर्च भएको रकम सवारी साधन मर्मत संभार शिर्षकबाट , कार्यालय तथा वडा कार्यालयहरु स्वास्थ्य संस्थामा विभिन्न मितिमा खरिद खरिएका फर्निचर तथा फिक्चर्स वापतको रकम, विपन्न नागरिक, विपद्, आगलागी लगायतबाट घर निर्माण गरेका नागरिकहरुलाई जस्तापाता खरिद गर्दा खर्च भएको जस्तापाता, खानेपानी पाईप र तारजाली वापतको रकम विपद् कोष र एक घर एक धारा कार्यक्रम मार्फत भुक्तानी गर्ने, राष्ट्रपती रनिङ्ग शिल्ड प्रतियोगिता संचालन गर्दा संघीय सरकार मार्फत प्राप्त भएको रु. १ लाखबाट कार्यक्रम संचालन गर्न अपुग भएको हुँदा खर्च भएको रकम कार्यक्रम खर्च शिर्षकबाट रकम भुक्तानी गर्ने । |
| ६. | विभिन्न विषयगत समितिका निर्णयहरु बैठकमा प्रस्तुत भई छलफल भयो निर्णयहरुलाई अनुमोदन गर्ने । |
| ७. | गरिव परिवार परिचय पत्र वितरणको लागि वडास्तरमा नामावली प्रकाशन गरी दावी विरोध लगायतका प्रकृयाहरु पुरा गर्न वडाहरुमा समेत सूचना प्रकाशन गर्ने । |
| ८. | गरिव परिचय पत्र वितरण सम्बन्धी कार्यलाई प्रभावकारी रुपमा संचालन गर्नको लागि गुनासो सुनुवाई अधिकारीको व्यवस्था गर्नुपर्ने भएको हुँदा यस कार्यालयका अधिकृत श्री नवराज घिमिरे र MIS Operator धाम बहादुर ढेंगालाई गुनासो सुनुवाई अधिकारीको रुपमा कामकाज गर्न लगाउने । |
| ९. | भूमिहिन तथा अव्यवस्थित बमोबास गरेका नागरिकहरुको सिस्टममा प्रविष्ट भए बमोजिम भूमिहिन सुकुम्बासी १४ जना भूमिहिन दलित ११ जना र र अव्यवस्थित बसोबासी १५ जना गरी जम्मा ४० जनाको नामनामेसी सहितको विवरण राष्ट्रिय भूमि आयोग जिल्ला समिति तम्घास गुल्मीमा पठाउने । |

| अव्यवस्थित | भूमिहिन दलित | भूमिहिन सुकुम्बासी |
|---|---|---|
| टेक बहादुर कामी | माया कामी | झविन्द्र कुवर मगर |
| यम बहादुर पाण्डे | राम बहादुर टोमटा | मन कुमारी खत्री |
| नमान सिं खनाल | सन्तोष वि.क. | राम बहादुर रास्कोटी |
| दुन बहादुर कार्की | तुलसा सुनार | उत्तम पुन |
| उमा कुमारी टण्डन | पदम बहादुर कुमाल | गुन्धरी घर्ती भन्ने गुन्धरी |
| खिम बहादुर टण्डन | धनिकला कामी | गोपाल भुसाल |
| देव बहादुर खत्री | विष्णु कुमारी नेपाली | सुस्मा झार्की मगर |
| नर बहादुर खत्री | राधा नेपाली | रन्जना राना राकसकोटी |
| पृथ्वी बहादुर कार्की | रुद्र बहादुर नेपाली | देविकला कार्की |
| बिमला सुनार | टोपला नेपाली | दिन बहादुर थापा |
| विष्णु थापा | अर्जुन वि.क. | गणेश खत्री |
| शालिकराम टण्डन | | ममता बोहरा खत्री |
| सिता कुमारी खड्का | | बेग बहादुर खड्का |
| पदमा देवी के.सी. | | गोम बहादुर सारङ्गकोटी |
| गोपाल बहादुर खत्री | | |

| निर्णय नं. | निर्णयहरु |
|---|---|
| १०. | गत वर्ष  विपद्बाट क्षती भई पूनर्निर्माण गरिएका देहायका नागरिकहरुको घरहरुको गाउँपालिकाको तर्फबाट जिल्ला विपद् कोषमा रु. १ लाख ७५ हजार रकम भुक्तानी गर्ने<br>१. मुना वि.क.<br>२. फुलमती विश्वकर्मी<br>३. लक्ष्मी विश्वकर्मा<br>४. कमला माझकोटी<br>५. इन्द्रकला कुँवर<br>६. रण बहादुर दमाई<br>७. लोक बहादुर सनानी |
| ११ | गुल्मीदरबार गाउँपालिकाको १२ औं गाउँसभा चैत्र २० गते सम्पन्न गर्ने साथै आ.व. ०७९/०८० को दोस्रो चौमासिक समिक्षा २०७९ चैत्र २१ गते गर्ने सम्पन्न गर्ने र सोही दिन सार्वजनिक सुनुवाई कार्यक्रम पनि संचालन गर्ने । |
| १२ | गुल्मीदरबार गाउँपालिकाको समग्र शैक्षिक सुधार विद्यालय समायोजन शिक्षक दरबन्दी मिलान गाउँपालिकाको शिक्षा नीति तर्जुमा लगायतका शिक्षा सम्बन्धी विविन्न कार्य सम्पादन गर्नको लागि देहाय बमोजिमको कार्यदल गठन गर्ने र कार्यदललाई शिक्षा समितिबाट सूचकहरु तयार गरी कार्य विवरण समेत उपलब्ध गराउने र कार्यदलले ३ महिना भित्र प्रतिवेदन पेश गर्ने ।<br>**संयोजक** सामाजिक विकास समिति संयोजक श्री मुकेश थापा<br>सदस्य वडाध्यक्ष एवं प्रवक्ता श्री शालिकराम टण्डन<br>सदस्य वडाध्यक्ष श्री देविराम पोखेल<br>सदस्य का.पा. सदस्य श्री कुमारी दनुवार पुवारे<br>सदस्य शिक्षक महासंघको अध्यक्ष श्री हरी बहादुर कार्की<br>सदस्य शिक्षक संघको अध्यक्ष श्री तेजेन्द्र खड्का<br>सदस्य  शिक्षक संगठन अध्यक्ष श्री दिल बहादुर थापा<br>सदस्य शिक्षा विद्<br>सदस्य सचिव प्रा.स. श्री रोमनाथ कंडेल |

| निर्णय नं. | निर्णयहरु |
| --- | --- |
| १३. | गुल्मीदरबार गाउँपालिकाका खेल शिक्षक श्री अमर पुन मगरलाई जिल्ला खेलकुद विकास समिति गुल्मीको सिफारिस समेतको आधारमा गाउँपालिकाको समग्र खेलकुद र खेलाडीहरुको वृहत्तर हितको लागि निजलाई थप प्रशिक्षणको निजलाई काजमा रहने अवधीभर तलब भत्ता पाउने गरी काठमाण्डौं काजमा खटाउने । |
| १४. | सुरक्षित नागरिक आवास कार्यक्रम अन्तर्गत पहिलो किस्ता भुक्तानी पाईसकेका र घर निर्माण सम्पन्न गरेका नागरिकहरुको प्राविधिक मूल्याङ्कनको आधारमा २० हजारका दरले १७ जनाको रकम रु ३ लाख ४० हजार रकम भुक्तानी गर्ने । |
| १५. | अख्तियार दुरुपयोग अनुसन्धान आयोग, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय तथा विभिन्न निकायहरुका परिपत्र तथा निर्देशनहरु बैठकमा प्रस्तुत भयो । परिपत्र तथा निर्देशन अनुसार गर्ने गराउने । |
| १६. | प्रधानमन्त्री रोजगार कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गर्नको लागि रोजगारीका लागि आवेदन तथा सामाजिक र आर्थिक उन्नतीमा सघाउन पुऱ्याउने योजना छनौट सम्बन्धमा छलफल भयो साथै कामदारहरुको लागि सुरक्षित सामाग्री ग्लोभ्स, बेल्चा, गैटी, कोदालो, हँसिया, गल लगायतका सामग्रीहरु खरिद गरी वडा कार्यालयहरुलाई हस्तान्तरण गर्ने । |
| १७. | देहायका व्यक्तिहरुलाई आर्थिक सहायता गर्ने ।<br>१. यस कार्यालयका ना.प.प्रा. श्री नारायण पन्थी कार्यालयको कामकाजको सिलसिलामा अकस्मात विरामी भई विर अस्पताल ट्रमा सेन्टरमा उपचारमा रहँदाको समयमा बिरामी बिदा उपलब्ध गराई निजलाई तलब भत्ता भुक्तानी गर्ने तथा निजको उपचारको लागि रु. २० हजार आर्थिक सहयोग उपलब्ध गराउने ।<br>२. मगर दिवसको लागि जनजाती लक्षित कार्यक्रमबाट रु ६० हजार उपलब्ध गराउने ।<br>३. कलासंस्कृति संरक्षणको लागि जनजाती लक्षित कार्यक्रमबाट रु ४० हजार उपलब्ध गराउने |
| १८. | गुल्मीदरबार गाउँपालिकाको जलस्रोत सम्बन्धी कार्यलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न जलस्रोत कार्यविधि २०७९ जारी गर्ने । |
| १९. | वडा नं. १ मा हाल कायम रहेका उज्याला देवि नि.मा.वि. र पदम बहादुर मा.वि. मतदान केन्द्र कायम भएकोमा तल्लो भेग शिवपुरी-बोटे माझी -कुमाल गाउँ र टारी क्षेत्रका नागरिकहरु माथिल्लो मतदानकेन्द्रमा आउन जान ५ कि.मि. भन्दा बढी दुरी रहेको, भौगोलिक विकटता रहेको र सो क्षेत्रमा करिब ६०० मतदाता समेत भएको हुँदा तल्लो भेगमा रहेको नरहरी कंडेल मा.वि. लाई मतदान केन्द्र कायम गर्नको लागि जिल्ला निर्वाचन कार्यालय गुल्मीमा सिफारिस गरि पठाउने । |

| निर्णय नं. | निर्णयहरु |
|---|---|
| २०. | गुल्मीदरबार गाउँपालिका वडा नं. २, ४, ६ र ७ वडा कार्यालयमा कार्यालयकव कार्य चाप बढी भएको हुँदा डोर हाजिरीमा राखिएका व्यक्तिहरुलाई चैत्र मसान्त सम्मको पारिश्रमीक रकम भुक्तानी गर्ने साथै कार्यालयको सवारी साधन संचालनको लागि राखीएका हिमाल रानालाई कामकाज गरेको दिनको देहाय बमोजिम रकम भुक्तानी गर्ने<br><br>वडा नं. २ को डोरहाजिरीलाई दैनिक रु. २००।— का दरले<br><br>वडा नं. ४, ६ र ७ का डोर हाजिरीमा राखिएका व्यक्तिहरुलाई कामकाज गरेको दिनको दैनिक ५१७।— का दरले रकम भुक्तानी गर्ने र कार्यालयमा कामकाजमा खटीएका हिमाल राना लाई हलुका सवारी चालकको पारीश्रमीकलाई दामासाहिको हिसाबले भुक्तानी गर्ने । |